नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## जानकारी सम्वन्धमा

मितिः २०८३/०५/२१

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना, प्रभावित कामदार तथा समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख गतिविधि निम्नअनुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. माननीय मन्त्रीज्यूले वीरेन्द्र सैनिक अस्पताल पुगेर माथिल्लो त्रिशूली-३ ए र माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाका सुरुङ्गबाट उद्धार गरिएका घाइते नेपाल विद्युत प्राधिकरणका मेकानिकल फोरम्यान सञ्जय साह र मेकानिकल सुपरभाइजर कबिर महर्जन र एक चिनियाँ नागरिकको स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। साथै, उहाँले उद्धार कार्यमा संलग्न स्वास्थ्यकर्मी तथा उद्धारकर्मीलाई धन्यवाद व्यक्त गर्नुभयो।

२. माथिल्लो त्रिशूली ३ ए, माथिल्लो त्रिशूली-३ बी, चिलिमे, रसुवागढी, लाङटाङ, माथिल्लो त्रिशूली-१ तथा मैलुङ खोलालगायत जलविद्युत आयोजनामा खोज तथा उद्धार कार्य निरन्तर जारी रहेको छ। चिलिमे आयोजनामा मड पम्प, जेनेरेटर र वाटर पम्प हवाई यातायातमार्फत पुऱ्याइएको छ भने एक्स्काभेटरलाई स्लिङ अपरेसनमार्फत घटनास्थलमा पुऱ्याई सुरुङ क्षेत्रमा परिचालन गरिएको छ। रसुवागढी आयोजनामा उद्धार टोली पावरहाउस तथा कन्ट्रोल प्वाइन्टसम्म पुग्न सफल भएको छ भने जटिल भूगोलका कारण भारी उपकरण परिचालनमा चुनौती रहेको छ। लाङटाङ आयोजनामा निकास मार्गमा थुप्रिएको माटो तथा ठूला चट्टान हटाउने कार्य भइरहेको छ भने माथिल्लो त्रिशूली-३ बी आयोजनामा मिनी एक्स्काभेटर तथा ब्रेकर प्रयोग गरी भग्नावशेष हटाउने कार्य तीव्र पारिएको छ। मैलुङ खोला आयोजनामा नेपाली सेना र कोरियन विशेषज्ञ टोलीले पुनः स्थलगत रेकी सम्पन्न गरेको छ।

३. प्रतिकूल मौसमका बावजुद विद्युत सेवा सुचारुतर्फ धादिङमा करिब ९९.८ प्रतिशत, नुवाकोटमा ९६.७ प्रतिशत र रसुवामा करिब ७८ प्रतिशत घरधुरीमा विद्युत् सेवा सुचारु भइसकेको छ। बाँकी क्षेत्रमा विद्युत सेवा सुचारु गर्नको लागि नेपाल विद्युत प्राधिकरणका प्राविधिक टोली परिचालन गरिएको छ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

४. वैकल्पिक ऊर्जा व्यवस्थापन अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) मार्फत १३ वटा कार्यालय प्रयोजनका तथा ५०० वटा घरायसी प्रयोजनका सौर्य विद्युत् प्रणाली प्रभावित क्षेत्रमा पठाइसकिएको छ। रसुवा जिल्लाका केहि स्थानमा विद्युत् आपूर्ति सुचारु हुन समय लाग्ने देखिएकाले थप १,२६८ घरधुरी पहिचान गरी सौर्य प्रणाली वितरणको तयारी जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा अघि बढाइएको छ। सडक अवरुद्ध रहेका क्षेत्रमा हेलिकोप्टरमार्फत सौर्य प्रणाली ढुवानी गर्ने व्यवस्था मिलाउदै गरिएको छ।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता